वैठक मिति :२०७६।०४।२४ गते

**छलफलका लागि पेश भएका प्रस्तावहरु:**

१. गत आ.व.को आय व्यय तथा कार्यक्रम र योजनाहरुको समिक्षा समन्धमा ।

२. दोस्रो र तेस्रो नगरसभाले स्वीकृत गरेका योजनाहरु जिम्मेवारी सारी कार्यान्वयन गर्ने सम्वन्धमा ।

३. आन्तरिक लेखापरीक्षण सम्वन्धमा ।

४. रामजानकी मन्दिर निर्माणको रकम भुक्तानी सम्वन्धमा ।

**निर्णय नं. १**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको गत आ.व.को आय व्यय तथा कार्यक्रम र योजनाहरुको समिक्षा सम्वन्धी प्रस्तावमा छलफल गर्दा गत आ.व.को आय व्यय तथा कार्यक्रम र योजनाहरुको देहाय बमोजिम समिक्षा गर्दै गत आ.व. २०७५।०७६ मा संचालित भएका विकास कार्यक्रमहरु सन्तोषजनक रुपमा संचालन भएकोले सवै आय व्यय समर्थन गर्दै पत्र पत्रिका मार्फत सुचनाको हकको लागि सार्वजनिक गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका सर्लाही

**निर्णय नं. २**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको दोस्रो र तेस्रो नगरसभाले स्वीकृत गरेका योजनाहरु जिम्मेवारी सारी कार्यान्वयन गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा गत आ.व. २०७५।०७६ को लागी दोस्रो र तेस्रो नगर सभाले स्वीकृत गरी कार्यान्वयन गर्नको लागि नगरकार्यपालिकालाई जिम्मेवारी दिइएका योजनाहरु विभिन्न कारणले समयमा कार्यान्वयन हुन नसकेका र चौथो नगरसभाको निर्णय नं. ५-४६ मा अगामी आर्थिक वर्षमा जिम्मेवारी सारी कार्यान्वयन गर्ने अधिकार नगरकार्यपालिकालाई दिइएको हुँदा देहाय बमोजिमका नगरसभाबाट स्वीकृत भएका योजनाहरु चालु आ.व. २०७६।०७७ मा सारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आन्तरिक लेखा परीक्षण सम्वन्धी प्रस्तावमा छलफल गर्दा हरिपुर नगरपालिकामा आन्तरिक लेखा परीक्षण शाखा गठन नभएकोले यस नगरपालिकाको आ.व. २०७५।०७६ को सवै आयव्यय तथा संचालित सम्पुर्ण कार्यक्रमहरुको आन्तरिक लेखा परीक्षण गरिदिन हुन जिल्ला कोष तथा लेखा नियन्त्रण कार्यालय मलंगवालाई अनुरोध गरी आन्तरिक लेखा परीक्षण गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको रामजानकी मन्दिर निर्माणको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा राम जानकी मन्दिर निर्माणको रकम भुक्तानीको ल‌ाि प्रदेश सरकारको सशर्त कार्यक्रम अन्तर्गत रकम रु. २५,००,०००।०० (पचिस लाख) र रामजानकी मन्दिरको पिलर र छतको ढलान कमजोर बनेको भनि जनगुनासो आएको र प्राविधिक कर्मचारीहरुले पनि गुणस्तरीय काम नभएको भनि मौखिक रुपमा भनेको र उपभोक्ता समितिले गरेको काम के कस्तो भएको छ सो को लागि नगरकार्यपालिका र प्राविधिक कर्मचारीको संयुक्त ३ सदस्यी अनुगमन समिति गठन गरी